प्यूठान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बिजुवार, प्यूठान, प्रदेश नं. ५, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५/०५/०३)

यस नगरपालिकाको लागि पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा अन्तर्गत भवन तथा वस्ती विकास उप - शाखामा रहने गरी सर्वेक्षक/नापी निरिक्षक पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवबाइट www.pyuthanmun.gov.np बाट उपलब्ध हुनेछ ।

| पदको नाम | संख्या |
|---|---|
| सर्वेक्षक/नापी निरिक्षक | १ (एक) |

**१. शैक्षिक योग्यता र अनुभव :**

क) नेपाली नागरिक ।

ख) न्यूनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रक्स विषयमा तिन वर्षे प्रवीणता प्रमाण पत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाण पत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको ।

ग) अनुभवीलाई प्राथमिकता दिइनेछ ।

घ) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

ङ) अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।

**२. दरखास्तमा संलग्न गर्नुपर्ने** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिएका सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

**३. तलब, सुविधा** : रा.प.अनं. प्रथम श्रेणीको शुरु तलब स्केल, चाडपर्व खर्च र पोशाक भत्ता ।

**४. दरखास्त दस्तुर** : रु. ५०० ।

**५. सेवा अवधि** : नियुक्ति भएको मितिदेखी २०७६ असार मसान्तसम्म ।

**६. परिक्षाको किसिम** : आवश्यकताअनुसार लिखित तथा अन्तवार्ता ।

**७. परिक्षा मिति, समय र स्थान** : दरखास्त दिने समय सकिएपछि जानकारी गराइनेछ ।

**८. दरखास्त दिने स्थान** : प्यूठान नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान ।